# एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१

एकल महिलाको सशक्तीकरण, क्षमता तथा मर्यादा अभिवृद्धि गरी सामाजिक न्यायको लागि जन चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण तथा प्रवर्द्धनको लागि एउटा निश्चित मापदण्ड बनाई सो को आधारमा एकल महिला सुरक्षा कोषको परिचालन गर्न वाञ्छनीय भएकाले,

एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम (७) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी एकल महिला सुरक्षा कोष सञ्चालक समितिले यो मापदण्ड बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस मापदण्डको नाम "एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१" रहेको छ ।
(ख) यो मापदण्ड एकल महिला सुरक्षा कोष संचालक समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) "एकल महिला" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम २ को खण्ड (ख) मा परिभाषित महिलालाई सम्झनु पर्छ ।

ख) "केन्द्रीय समिति" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम ६(१) बमोजिम गठित एकल महिला सुरक्षा कोष सञ्चालक समिति सम्झनु पर्छ ।

ग) "नियमावली" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० सम्झनु पर्छ ।

घ) "कोष" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को नियम ३ बमोजिम स्थापित कोष सम्झनु पर्छ ।

ङ) "जिल्ला स्तरीय समिति" भन्नाले एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१ को फा ११ बमोजिम गठित समिति सम्झनु पर्छ ।

च) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय सम्झनु पर्छ ।

छ) "कार्यालय" भन्नाले महिला तथा बालबालिका कार्यालय सम्झनु पर्छ ।

**३. कोषको परिचालन :** नियमावलीको नियम ४ बमोजिमको कार्य संचालन गर्नको लागि केन्द्रीय समितिले कार्यालयमा कोषबाट रकम पठाउन सक्नेछ ।

**४. कोषको खाता :**

(१) जिल्लामा कार्य संचालनको लागि प्राप्त रकम जिल्ला समितिले तोकेको बैङ्कको खातामा रहनेछ ।

(२) यो खाताको संचालन कार्यालयको कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको संयूक्त दस्तखतबाट संचालन हुनेछ ।

**५. रकम माग गर्न सक्ने :**

(१) कार्यालयले जिल्लाको प्रयोजनको लागि केन्द्रीय समिति समक्ष कोषको रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम माग गर्दा माग पत्रसाथ देहायका कागजात संलग्न राख्नु पर्नेछ :

(क) कार्यालयबाट एकल महिलालाई प्रदान गरेको रकमको अद्यावधिक विवरण,

(ख) कार्यालयमा रहेको कोषको पछिल्लो मास्केवारी,

(ग) हाल माग गरिएको रकमबाट गरिने कार्यक्रमको विवरण ।

**६. जानकारी दिनु पर्ने:** कार्यालयले कोषमा प्राप्त रकमको जानकारी मिति र रकम उल्लेख गरी यथाशीघ्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

**७. कोषको लेखा :**

(१) कोषको लेखा नेपाल सरकारको स्रेस्ता प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) कोषको स्रेस्ता छुट्टै खडा गर्नु पर्नेछ ।

(३) कोषको लेखा अद्यावधिक एवं पारदर्शी हुनुपर्नेछ ।

(४) कोषको लेखा राख्ने जिम्मेवारी केन्द्रीय कोषको हकमा मन्त्रालयको र जिल्लाको हकमा सम्बन्धित जिल्लाको महिला तथा बालबालिका कार्यालयको हुनेछ ।

(५) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रण कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**८. आर्थिक प्रतिवेदन :**

(१) कार्यालयले प्रत्येक महिना समाप्त भएको सात दिनभित्र कार्यालयमा प्राप्त कोषको प्राप्ति, भुक्तानी र मौज्दात समेत देखिने गरी मन्त्रालयमा मास्केवारी पठाउनु पर्नेछ ।

(२) कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र जिल्लामा प्राप्त कोषको आर्थिक विवरण, जिल्लामा रहेको कोषको बैङ्क मौज्दातको प्रमाणित विवरण सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) कार्यालयले मन्त्रालयमा उपदफा (१) बमोजिम मास्केवारी वा उपदफा (२) बमोजिम वार्षिक प्रतिवेदन पठाउदा एक-एकप्रति सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय र महिला तथा वालवालिका विभागमा समेत पठाउनु पर्नेछ ।

**९.कोषको रकम उपलब्ध गराउँदा अपनाईने प्रकृया** :

(१) कोषको रकम लिन चाहने सामाजिक, आर्थिक दृष्टिले कमजोर र विपन्न एकल महिलाले नियमावलीको नियम ४ मा उल्लेखित देहायको मध्ये कुन सहयोग चाहेको हो सो व्यहोरा खुलाई कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(क) उद्धार, राहत तथा पुनर्स्थापन,

(ख) औषधि उपचार ,

(ग) कानूनी सहायता ,

(घ) शिक्षा र सीपमूलक तालीम,

(ङ) स्वरोजगार कार्य सञ्चालन ।

(२) निवेदकले अनुसूचि- १ को ढाँचामा भरिएको निवेदन साथ देहायको कागजात संलग्न गरेको हुनु पर्नेछ ।

(क) एकल महिला भएको प्रमाणित हुने कागजात,

(ख) नेपाली नागरिकता प्रमाण पत्र,

(ग) आफुले चाहेको सहयोगको विवरण सहितको निवेदन,

(घ) सम्बन्धित स्थानीय निकायले आर्थिक, सामाजिक रुपले कमजोर, विपन्न हो भन्ने प्रमाणित गएिको सिफारिस पत्र ।

(३) एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाले नियम ४ मा उल्लेखित देहायेको मध्ये कुन क्षेत्रमा कार्य गर्न चाहेको हो सो व्यहोरा खुलाई कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(क) शिक्षा र सीपमूलक तालीम प्रदान गर्न,

(ख) स्वरोजगार कार्यक्रम सञ्चालन गर्न,

(ग) उद्धार गर्न, राहत दिन तथा पुनर्स्थापना गर्न,

(घ) कानूनी सहायता प्रदान गर्न,

(ङ) एकल महिला सम्मिलित सामुदायिक वा सहकारी संस्थाको कार्यमा सहयोग गर्न,

(च) एकल महिलाको सामाजिक मर्यादा अभिवृद्धिको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(छ) एकल महिलाको हकहित संरक्षण र सम्वर्द्धनको लागि केन्द्रीय समितिले तोके बमोजिमको अन्य कार्य गर्न वा गराउन ।

(४) एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाले अनुसुचि- २ को ढाँचामा भरिएको निवेदनसाथ देहायका कागजात संलग्न गर्नु पर्नेछ ।

(क) संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ख) संस्थाको विधानको प्रमाणित प्रतिलिपि,

(ग) संस्था नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) कार्यक्रमको उद्धेश्य, लक्ष्य, कार्ययोजना सहितको अनुसूचि- ३ को ढाँचामा कार्यक्रमको प्रस्ताव,

(ङ) कार्यालयमा सूचिकृत भएको सिफारिश पत्र,

(च) स्थानीय निकायको सिफारिश पत्र,

(छ) सस्थाको लेखापरीक्षण प्रतिवेदन ।

(५) कार्यालयले उपदफा १ वमोजिम प्राप्त निवेदनको आवश्यक जाँचवुझ गरी जिल्ला स्तरीय समितिमा पेश गर्नु पर्नेछ ।

(६) कार्यालयले उपदफा ३ वमोजिम प्राप्त निवेदनको आवश्यक जाँचवुझ गरी जिल्ला स्तरीय समितिको सिफारिस साथ केन्द्रीय समितिमा पेश गर्नु पर्नेछ ।

## १०. खर्च मापदण्ड :

(१) दफा ९ (५) बमोजिम प्राप्त निवेदनको प्रयोजनको लागि जिल्ला स्तरीय समितिले रकम उपलब्ध गराउँदा निवेदक एकल महिलाको मागको औचित्य र निजले गर्न खोजेको कामको प्रकृति हेरी देहायको सहयोग उपलब्ध गराउन सक्नेछ ।

(क) **उद्धार, राहत तथा पुनर्स्थापना :** एकल महिलाको तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाका लागि जिल्ला स्तरीय समितिले तोके बमोजिम रु.५०००।- मा नबढ्ने गरी आवश्यक रकम ।

**(ख) औषधि उपचार :** जिल्ला स्तरीय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा विरामी तथा कुरुवा समेतको जोडेर निम्नानुसार सीमा ननाघ्ने गरी लागेको विल वमोजिमको खर्च :

(१) घरैमा बसी उपचार गराउँदा अस्पताल आतेजाते समेतको मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु. २,०००।- सम्मको विलवमोजिमको रकम ।

(२) अस्पतालमै भर्ना भई उपचार गराउँदा अस्पताल पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत

बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ३००।- गरी जम्मा रु. ६५००।- सम्मको विल वमोजिमको रकम ।

(३) विशेष अवस्थामा जिल्ला स्तरीय समितिले आवश्यकता र औचित्यका आधारमा रु. ४,००० सम्मको थप रकम स्वीकृत गर्न सक्ने छ ।

**(ग) कानुनी सहायता** : एक जना साथी समेत अड्डा-अदालत आतेजाते समेतका लागि मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवा बापत निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको खर्च विल वमोजिमको रकम :

(१) सामान्य अवस्थामा प्रतिव्यक्ति रु. ५०००।- सम्म

(२) विशेष अवस्थामा जिल्ला स्तरीय समितिले विशेष निर्णय गरेकोमा थप रु. २५००।- सम्म

**(घ) शिक्षा र सीपमूलक तालीम** : एकल महिलाको शिक्षा र सीपमुलक तालिमका लागि प्रतिव्यक्ति जम्मा रु.६५००।- (सीप तथा उद्दमशिलता तालिममा रु. ५०००।- र अन्य तालिममा रु.१५००।- ) ननाघ्ने गरी लागेको खर्च विल वमोजिम ।

(ङ) **स्वरोजगार कार्यक्रम** : मापदण्डको दफा ९ (१) (ङ) अनुसार स्वरोजगार कार्यका लागि अनुदान वापत प्रतिपरिवार रु. १५,००० हजार ननाघ्ने गरी सम्बन्धित जिल्ला स्तरीय समितिले उपलब्ध स्रोत समेतको आधारमा स्वीकृत गरेको रकम ।

(२) दफा ९ (६) वमोजिम प्राप्त निवेदनको हकमा केन्द्रीय समितीले एकल महिला तथा एकल महिलाका हक अधिकारको क्षेत्रमा कार्य गर्ने संघ संस्थाको मागको औचित्य र कार्यक्रमको प्रस्ताव, संस्थाको क्षमता समेतको आधारमा रु ५,००,०००।- (अक्षरुपी पाँच लाख मात्र) मा नवढ्ने गरी रकम उपलब्ध गराउन सक्नेछ ।

## ११. जिल्लास्तरीय समितिको गठनः

(१) जिल्लामा कार्य संचालनका लागि मार्गदर्शन प्रदान गर्न, प्रदत्त सेवाको गुणस्तर तथा त्यसको सदुपयोग सुनिश्चित गर्न र विभिन्न सेवा प्रदायकमाझ सहकार्यमा वढावा दिन एक जिल्लास्तरीय समिति रहने छ र समितिको गठन देहाय वमोजिम हुनेछ :

क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय - संयोजक

ख) प्रतिनिधि, जिल्ला विकास समितिको कार्यालय - सदस्य

ग) प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय -सदस्य

घ) प्रतिनिधि, घरेलु तथा साना उद्योग कार्यालय ⁄समिति - सदस्य

ङ) प्रतिनिधि, जिल्ला न्यायाधिवक्ताको कार्यालय - सदस्य

च) प्रमुख, जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवाकेन्द्र - सदस्य

छ) एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाहरुमध्ये

जिल्लास्तरीय समितिले तोकेको एक जना एकल महिला - सदस्य

ज) प्रमुख, महिला तथा बालबालिका कार्यालय - सदस्य सचिव

(२) **जिल्लास्तरीय समितिको काम, कर्तव्य र अधिकारः**

(क) एकल महिला सुरक्षा कोषवाट सहयोग माग भै आएका निवेदन उपर छानविन गर्ने,

(ख) प्रदत्त सेवाको गुणस्तर तथा त्यसको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने,

(ग) एकल महिला सुरक्षा कोषवाट सहयोग प्राप्त रकमको दुरुपयोग हुनवाट रोक्न आवश्यक व्यवस्था मिलाउने,

(घ) एकल महिला पहिचान सम्वन्धी आवश्यक मापदण्ड वनाउने,

(ङ) विभिन्न सरोकारवाला निकाय माफ्र्त सहकार्य वढाउने,

(च) केन्द्रीय समितिको निर्देशन वमोजिमका अन्य कार्यहरु गर्ने ।

**१३. वाधा अड्चन फुकाउने अधिकार :**

यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा वा दुविधा उत्पन्न भएमा त्यस्तो बाधा अडचन र  दुविधा फुकाउने अधिकार केन्द्रीय समितिको हुनेछ ।

| |
|---|
| **हालसालै खिचेको पासपोर्ट साइजको फोटो** |

## अनुसुचि १

(सामाजिक, आर्थिक दृष्टिले कमजोर र विपन्न एकल महिलाले दिने निवेदनको ढाँचा)

मिति :

**विषयः** सहयोग उपलब्ध गराई पाउँ ।

श्री अध्यक्ष ज्यू ,
जिल्ला स्तरीय समिति.................................।

**म**/(सम्वन्ध विच्छेद / विधवा महिला / पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला / पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा वेपत्ता भएकी महिला / अशंवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला ) हुँ । मेरो आर्थिक तथा सामाजिक अवस्था कमजोर भई ...................................................... कार्यका लागि सहयोगको आवश्यक परेको हुनाले निम्नलिखित कागजात संलग्न गरी एकल महिला सुरक्षा कोष मार्फत नियमानुसार सहयोग रकम उपलब्ध गराइ दिनुहुन निवेदन गर्दछु ।

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१. नेपाली नागरिकताको प्रतिलिपी
२ एकल महिला भएको प्रमाणित हुने कागजात ।
३. सम्बन्धित स्थानीय निकायले आर्थिक, सामाजिक रुपले कमजोर, विपन्न हो भन्ने प्रमाणित सिफारिस पत्र
४. हालसालै खिचेको फोटो २/२ प्रति)

**निवेदकको**:
नाम, थर :
ठेगाना :
दस्तखत

## अनुसूचि २

(एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाले दिने निवेदनको ढाँचा)

मिति :

**विषयः** सहयोग उपलब्ध गराई पाउँ ।

श्री अध्यक्ष ज्यू
एकल महिला सुरक्षा कोष
केन्द्रीय समिति ।

एकल महिला हक अधिकारको क्षेत्रमा कार्य गर्ने ........................................................संस्था हौ । यस संस्थालाई नियमावली ४ को (क) देखी (झ) मध्ये........................................ ......................कार्यक्रम संचालन गर्नको निमित्त सहयोग आवश्यक परेकोले निम्नलिखित कागजात संलग्न गरी एकल महिला सुरक्षा कोष मार्फत नियमानुसार सहयोग रकम उपलब्ध गराइ दिनुहुन निवेदन गर्दछौं ।

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१. अनुसुचि २ को ढाँचामा भरिएको निवेदन फारम ।
२. संस्थाको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
३. संस्थाको विधानको प्रमाणित प्रतिलिपि।
४. संस्था नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. कार्यक्रमको उद्धेश्य, लक्ष्य, कार्ययोजना सहितको अनुसूचि ३ वमोजमको ढाँचामा कार्यक्रमको प्रस्ताव ।
६. कार्यालयमा सूचिकृत भएको सिफारिश पत्र ।
७. स्थानीय निकायको सिफारिश पत्र ।

**निवेदक**

संस्थाको नाम :
ठेगानाः
दस्तखत

## अनुसूचि ३

## एकल महिला सुरक्षा कोषको सेवा उपयोग गर्ने प्रस्तावको ढाँचा

| |
|---|
| प्रस्तावक संस्थाको नाम, ठेगाना : ... ... ... |
| कोषको रकमबाट गरिने कार्य : ... ... ... |
| प्रस्तावित सेवाको लागत अनुमान : रु. ... ... |

१. **के गर्ने ?**

प्रस्तावित कार्यको संक्षिप्त विवरण

२. **किन गर्ने ?**

२.१ हाल परिरहेको समस्याको व्यहोरा

२.२ प्रस्तावित सुविधाबाट प्रत्यक्षतः लाभान्वित हुने एकल महिला/ समूह सदस्य परिवार

२.३ चार वर्षपछिको एकल महिला/ समूह/सदस्य विकासको कल्पना

३. **कसरी गर्ने ?**

३.१ प्रस्तावित कार्यक्रम संचालन गर्न अपनाइने तरिका

३.२ प्रस्तावित कार्यक्रम सञ्चालन खर्च श्रोत

- संस्था आफैले
- बाह्य सहयोग

४. **कति, कहिले गर्ने ?**

| कार्यक्रम | कहिले गर्ने | जिम्मेवार व्यक्ति | सहयोगि | अनुगमन सुचक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. **कहाँ, कसले गर्ने ?**

५.१ प्रस्तावित कार्यक्रम संचालन क्षेत्र र उक्त क्षेत्र छनौटका आधार

५.२ प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने साङ्गठनिक तह (समिति, संस्था वा अन्य एकाइ)

५.३ प्रस्तावित कार्यक्रम सञ्चालनको सुनिश्चिततताका लागि निर्धारित शर्तहरू

५.४ प्रस्तावित कार्यक्रम सेवाका लागि स्रोतको व्यवस्था

**६ अन्य आवश्यक कुरा :**